सिद्धिचरण नगरपालिका

# नगर कार्यपालिकाको कार्यालय

कृषि विकास शाखा

ओखलढुङ्गा

१ नं प्रदेश नेपाल

प.सः०७९/०८०

च.नः १०८६

मितिः२०७९।०८।२५

## हिँउदे फलफूल विरुवा (किवी,दन्ते ओखर,जापानिज हलुवावेद) माग गर्ने सम्बन्धि सूचना ।

**प्रथम पटक प्रकाशित मितिः२०७९/०८/२५**

यस कार्यालयको चालु आर्थिक वर्ष ०७९/०८० को स्वीकृत वार्षिक कार्यक्रम (निशर्त) अन्तरगत नगर क्षेत्रका कृषक/कृषक समूह/कृषि सहकारी संस्था/कृषि फर्महरुलाई ५० प्रतिशत मूल्य अनुदानमा हिँउदे फलफूल विरुवा वितरण गर्ने कार्यक्रम रहेकोले उक्त कार्यक्रममा सहभागी हुन इच्छुक कृषक/कृषक समूह/कृषि सहकारी संस्था/कृषि फर्महरुले तपसिलमा उल्लेखित शर्त बमोजिम सूचना प्रकाशित मितिले १५(पन्ध्र)दिन अर्थात मिति २०७९/०९/११ सम्म कार्यालय समय भित्र यस कार्यालयको कृषि विकास शाखामा दरखास्त दिन सम्बन्धित सबैको जानकारीका लागि यो सूचना प्रकाशन गरिएको छ ।

| क्र.स | विरुवाको विवरण | ईकाइ | परिमाण | कैफिएत |
|---|---|---|---|---|
| १ | दन्ते ओखर/किवी/जापनिज हलुवावेद | वोट | | १२ वटै वार्ड |

संलग्न राख्नुपर्ने कागजात एवम् शर्तहरुः

१. समूहको हकमा संस्था / फर्म दर्ताको प्रमाणपत्र / पान दर्ताको प्रतिलिपी(नविकरण गरेको भाग समेत देखिने गरी)

२. कृषक समूह/ कृषि सहकारी/कृषि फर्मले आफ्ना सदस्य कृषक छनौट गरी निजहरुका लागि विरुवा माग गर्ने निर्णयको प्रतिलिपी सहित संस्था/व्यक्तगत निवेदन ।

३. सम्बन्धित वडाको सिफारिस पत्र ।

४. विरुवा रोप्ने स्थानको न्यूनतम १ (एक) रोपनी क्षेत्रफल खुल्ने जग्गा धनिपूर्जाको प्रतिलिपी

५. न्यूनतम १५ बोट विरुवा वा १ रोपनी क्षेत्रफलमा अनिवार्य प्राविधिक नर्मस अनुसार रोप्नु पर्ने ।

६. सम्बन्धित व्यक्तिको नागरिकताको प्रतिलिपी ।

**थप जानकारीका लागि कृषि शाखा प्रमुख भीम बहादुर दर्जी (सम्पर्क नं ९८५११६३३८०) र ना.प्रा.स विरेन्द्र तामाङ (सम्पर्क नं ९८५२०६११०३) लाई सम्पर्क गर्न सकिने छ ।**

............................
शाखा प्रमुख

............................
प्रमुख प्रशासकीय अधिकृत